

काठमाडौंमै जन्मिए पनि गरिबीका कारण सानैदेखि लुगा सिलाउने पद्माको सिप अन्ततः कम्युनिष्ट पार्टीको राजनीति गर्ने आधार बन्यो ।

# पार्टीबाट इमानको पाठ सिक्ने – पद्मा मानन्धर



● बिनु सुवेदी

काठमाडौं वसन्तपुर झोंछेमा २००८ सालमा जन्मिनु भयो पद्मा मानन्धर। बाल्यकालमै बुबा पद्म देव मानन्धरको मायाबाट वञ्चित हुनुपऱ्यो। उहाँ आठ वर्ष हुँदा बुबाको निधन भयो, बहिनी सुलोचना मानन्धर ८ महिनाकी मात्रै थिइन्। बुबाको निधन पछि घरमा चार जना महिला सदस्य मात्रै भए। घरको आर्थिक अवस्था कहिल्यै राम्रो भएन, सँधै गरिबी र अभावमै दिन बित्यो। त्यसैले पद्माले स्कुल गएर पढन पाउनु भएन। बहिनी सुलोचनालाई भने उनीहरुले दुखैले भए पनि पढ्ने वातावरण बनाइदिए। मुस्किलले ३ कक्षा पास गर्दा उहाँसहित उहाँका साथीहरू दलानमा सुकुल ओछ्याएरै पढेको स्मरणमा ताजै छ।

पढाउने शिक्षिकाहरू गीता श्रेष्ठ र पूर्णशोभा शाक्यलाई उनको घरको आर्थिक अवस्था बारे राम्रोसँग थाहा थियो। दिनभरी स्कुल बसेर पढे बिहान बेलुका हातमुख जोड्नै पाईदैनथ्यो। त्यसैले उहाँलाई शिक्षिकाहरूले नै केही सीप सिकेर धेरथोर पैसा कमाउनेतिर लाग्न सल्लाह दिए। त्यही सल्लाह अनुसार उहाँले सिलाइकटाइ रोज्नुभयो। यो २०२२ सालको कुरा हो। जतिखेर पद्मा १४ वर्षको मात्र हुनुहुन्थ्यो। सिलाइ सिक्न पनि झोंछेबाट हिंडेरै ललितपुरको लगनखेल पुग्नुपर्थ्यो, अहिले जस्तो गाडी हुँदैनथ्यो। हिंड्दाहिड्दै सारै थकाई लाग्यो भने कुपण्डोलमा रहेको मामाघरमा छिरेर एकछिन आराम गरेर फेरि हिंड्नु हुन्थ्यो।

१०३ वर्षको जहानियाँ राणा शासन अन्त्य गरेर आएको प्रजातन्त्र धेरै टिकेन। २०१५ सालमा निर्वाचित प्रधानमन्त्री विपि कोइरालालाई अपदस्थ गरी २०१७ सालमा तत्कालीन राजा महेन्द्रले शासनसत्ता हातमा लिए। देशमा जबरजस्त पंचायती निरंकुश शासन चलाए। पञ्चायतको निरंकुशता राणाकालभन्दा धेरै फरक थिएन। २००६ साल मै नेपाल कम्युनिष्ट पार्टी स्थापना भयो। त्यसपछि पार्टी फस्टाउँदै अघि बढन थालेको थियो। २०१५ सालको निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टीका तर्फबाट धेरै क्षेत्रमा उम्मेदवार उठाइए पनि ४ सीटमा मात्र पार्टीका उम्मेदवार जितेका थिए। राजाको निरकुंश शासनपछि पार्टीहरूलाई प्रतिबन्ध लगाएको अवस्थामा पद्माको सिलाइकटाइ गर्ने ठाउँ नै उहाँको राजनीतिक यात्राका लागि सहज र महत्वपूर्ण माध्यम बन्यो। धेरै महिला दिदीबहिनीहरु त्यहीं जम्मा हुन्थे र दुखकष्टका कुरा गर्थे। दुख र कष्टबाट मुक्ति पाउन एकजुट भएर लाग्नुपर्छ भन्ने कुरा गर्थे। यस्तै दुखसुखका वर्गीय कुरा नै राजनीतिक चेतना विकासका आधार बने।

पद्मालाई यादै छैन, त्यस्तै भेटघाट र कुराकानीले कहिले कम्युनिष्ट आन्दोलनमा समाहित भएछु भनेर। आफु पुरै कम्युनिष्ट प्रभावमा भइसकेको रहेछु भनेर।

उहाँको घरमा २०२५ सालदेखि 'सुस्केरा' पत्रिकाको कार्यालय पनि थियो । पत्रिकाको प्रधान सम्पादक रामचन्द्र भट्टराई र उहाँको श्रीमती मैयाँ भट्टराई घरसँगै डेरा गरेर बस्नु हुन्थ्यो । उहाँहरू नेपाल कम्युनिष्ट पार्टी पुष्पलाल समूहसँग सम्बन्धित हुनुहुँदो रहेछ । पत्रिका कार्यालय भएकोले पुलिसहरूको निगरानी पनि बाक्लै हुन्थ्यो । तर पद्मा बहाना बनाउन सिपालु भइसक्नु भएको थियो । उहाँहरूसँग राजनीति र समाज परिवर्तनको कुराकानी हुन्थ्यो । उहाँहरूको पनि आर्थिक अवस्था कमजोर थियो । पद्मा आफूलाई जति दुःख भए पनि सहेर सबैलाई माया र सहयोग गर्नुहुन्थ्यो । २०२७/२८ सालतिरको कुरा हो, त्यो बेला पनि समय असाध्यै कठिन थियो, निरंकुश पञ्चायती शासकहरूको कडा निगरानी हुन्थ्यो तर पनि जनताको सेवा गर्न, संगठन बनाउन उनीहरू गाउँगाउँ डुल्थे । दिउँसोतिर गाउँघर डुल्ने कुरा हुँदैनथ्यो । गाउँमा नयाँ मान्छे देख्यो भने शंका गर्ने गर्थ्यो । त्यसैले उनीहरु संगठन गर्न अनेक बहाना बनाएर जनताको दैनिक काममा समेत सहयोग गर्थे । त्यसको नेतृत्व अष्टलक्ष्मी शाक्य, सुलोचना मानन्धरले गर्नु हुन्थ्यो । पद्मा लगायतको काम बहिनीहरूलाई सघाउने हुन्थ्यो । त्यो बेलाका धेरै कुरा अहिले स्मृतिको पानामा पनि मधुरो भइसकेका छन् । तर कुरा गर्दै जाँदा सम्झिएका पुराना यादहरूले बढी नै रोमाञ्चित बनाएको प्रष्टै अनुहारमा देखिन्छ ।

त्यतिबेला काठमाडौंको छेउमा रहेको आदेश्वरस्थित तामाङ बस्तीमा गएर जनतासँग काम गर्ने अवसर आयो । कठिन भए पनि त्यतिखेर राजनीतिक कामको जिम्मेवारीलाई अवसरका रुपमा लिने गरिन्थ्यो । जनताको घरदैलोमा जान्थे । कामहरु सघाउँथे । तत्कालीन निरंकुश पञ्चायत व्यवस्थाले दिएको अन्याय बारे अप्रत्यक्ष कुरा बुझाउँथे । जनवादी गीत गाएर जनतालाई बुझाउने कोसिस हुन्थ्यो । घरमा पनि साथीहरू आइरहन्थे । बहिनीको साथीहरू कमला श्रेष्ठ, पूर्णशोभा चित्रकार, उत्तम मानन्धर, प्रणय मानन्धर, जमुना स्थापित, कविन्द्र शेखर रिमाल, शारदा कोइराला, सुभद्रा कोइराला, विद्या श्रेष्ठसँग नियमित जस्तो भेटघाट र बैठक हुन्थ्यो । सुमन श्रेष्ठ र अष्टलक्ष्मीलाई काम गर्न अप्ठेरो नहोस् भनेर कतिपय कुरामा ढाकछोप गर्थे । कहिले कहिले बहिनीका कारण घरमा धेरै अप्ठ्यारो खेप्नु परेको अनुभव पनि उहाँले बिर्सिनु भएको छैन । बहिनी सुलोचना सुटुक्क चाइनिज लाइब्रेरी जान्थिन् । त्यो कुरा पद्मालाई पछि मात्रै थाहा भयो तर बहिनी कहाँ गएको भन्ने जवाफ भने आफूले दिनुपर्दा अप्ठ्यारो परेको पनि बिर्सिनु भएको छैन ।

जेठी दिदी सुदर्शन मानन्धरको बिहे भइसकेको थियो । घरको जिम्मेवारी सबै उहाँकै काँधमा अर्कोतिर, आमाका आफ्नै खाले समस्या र दुखेसो हुन्थ्यो । जवाफ

दिने र जिम्मेवारी लिने दुवै एक्लै गर्नुपर्दा कहिले त रन्थनिएको अनुभव पनि छ उहाँसँग । साथीहरु चाइनिज लाइब्रेरीमा पढ्न जान्थे, उनीहरुको बाहिरै मिटिङ हुन्थ्यो । आमालाई भने छोरी बिग्रेलान् भन्ने डर हुन्थ्यो । पद्माको आमा चन्द्रमाया मानन्धर ८९ वर्षको उमेरमा केही समय पहिला बित्नुभयो । पद्मालाई आमाको याद पलपलमा आइरहन्छ । छोरीहरू राम्रो, ज्ञानी होस् भनेर गर्नुभएको गाली 'अमृत वाणी' को रुपमा लिएको बताउनुहुन्छ ।

त्यतिखेरको माहोल कहाँ अहिले जस्तो थियो र ? आन्दोलनको निश्चित लक्ष्य थियो, जनताको सेवा गर्नुपर्छ, धनी र गरिबबीचको खाडल पुर्नपर्छ भन्ने स्पष्ट लक्ष्य हुन्थ्यो । पार्टीका नेताहरू अहिलेको जस्तो होइन, सहज सरल हुन्थे । जनताको सेवा गर्नुपर्छ, जनतालाई गोलबन्द नगरी क्रान्ति हुँदैन, परिवर्तन आउँदैन भन्ने शिक्षा लिनेदिने हुन्थ्यो । त्यो बेला कम्युनिष्ट पार्टीको सदस्यता पाउन धेरै कठिन थियो । अहिले त काम नगरी पनि सदस्यता र पदसमेत दिने चलन छ । मिति ठ्याक्कै याद भएन तर कम्युनिष्ट पार्टी सदस्यता २०३७/३८ मा बल्ल पाउँदाको खुशी ताजै छ । अहिलेसम्म आइपुग्दा उहाँ आबद्ध कम्युनिष्ट पार्टी कोअर्डिनेसन केन्द्र, नेकपा माले हुँदै नेकपा एमालेबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भएको छ । कम्युनिष्ट पार्टीको एकतामा धेरै खुशी र गर्व महसुस गर्नुहुन्छ ।

## कपडा सिलाउने सिपले पार्टीलाई फाइदा

२०२४ सालमा बिहे हुँदा पद्मा २४ वर्षको हुनुहुन्थ्यो । उहाँको बिहे पूर्ण मानन्धरसँग भयो । श्रीमान्‌को उदार स्वभावले पनि पार्टी र नेताहरुलाई सहयोग गर्न अझ सजिलो भयो । बिहेपछि उहाँको घरमा आउन अब कसैलाई रोकटोक भएन । पहिले बाहिरै भेट हुने पार्टीका पुरुष नेताहरू पनि घरमा आउन थाले । अब त झन् सेल्टर जस्तै बन्यो पद्माको घर । तर बिहे भएपछि छोराछोरी जन्मिए, आफैं पार्टीका लागि हिंड्न भने अलि कठिन भयो । त्यही भएर घरमै बच्चा हुर्काउँदै, पहिले सिकेको सिप सिलाइकटाइको काम गर्ने र घरमा आएका नेता कार्यकर्तालाई सहयोग गर्नुहुन्थ्यो ।

कपडा सिलाउने वा सिलाइ सिक्ने निहुँमा उहाँको घरमा आउने र बैठक बसेर पार्टीको योजना बनाउँथे । आफूले लुगा सिलाउन सिकेको सिपले कम्युनिष्ट राजनीतिमा धेरै फाइदा भएको बताउनुहुन्छ उहाँ । त्यतिखेर उहाँको घरमा आइरहने नेताहरूमा माधवकुमार नेपाल, झलनाथ खनाल, केशव बडाल, रघुजी पन्त, इश्वर पोखरेल, अमृतकुमार बोहरा, मीरा ध्वजु, राधिका शाक्यलगायत

पर्नुहुन्थ्यो । सानो घर, त्यस्तै कोठा, चार जना पनि सुत्न नमिल्ने भए पनि कोचाकोच गरेर मिलेर सुत्ने गरेको उहाँ सम्झिनु हुन्छ । घरका ससाना भाँडामा पकाएका खानेकुरा जति छ, बाँडेर खान्थे नेताहरू । त्यो बेलाको जस्तो हार्दिकता, आत्मियता, एकले अर्कोलाई गर्ने सम्मान, त्यो बेलाको अनुशासन हिजोआज पार्टी नेता कार्यकर्ताहरुमा हराउँदै गएकोमा चिन्ता छ पदमालाई । उहाँ भन्नुहुन्छ, "कमरेडहरूले घरको आर्थिक स्थिति राम्ररी बुझेकाले छैन भनेर खाना खान अप्ठयारो मान्नु हुन्थ्यो । कतिले भोकै हुँदा पनि खाना खाएको बहाना बनाउँथे । म भने कमरेडहरू भोकै पर्नुहोला भनेर चिन्ताले जे छ त्यही खुवाएर पठाउँथे । कतिपय अवस्थामा भने नेताहरु आएर आफलू खान थालमा ठिक्क पारेको खाना पनि खाएर जानुहुन्थ्यो । खाना छ कि छैन भनेर पनि सोध्थे ।"

राती बस्ने गरी आएका नेताहरूलाई ओढने ओछयाउने नपुगेर राम्रो व्यवस्था गर्न नसक्दाको चिन्ता अहिले पनि लाग्छ उहाँलाई । कन्युनिष्टहरूले धनी र गरिबबीच फरक गर्दैन, बुढाबुढी, महिला, पछाडि पारिएकाहरूले सम्मान पाउँछन् भनेर सिकाएको आजै जस्तो लाग्छ । तर अहिले त आफ्नै पार्टीको सरकार छ, त्यो बेला सिकाएको सबैबीच बराबरी व्यवहार हुन्छ भनेको खै त आज ?उहाँ आक्रोश व्यक्त गर्नुहुन्छ ।

घरमा नेताहरूको आउने जाने बाक्लै हुन्थ्यो । त्यो भन्दा कम हुँदैनथ्यो पुलिसको निगरानी पनि । एकदिनको घटना सम्झिँदै भन्नुभयो, "दुई जना प्रहरी सिभिल ड्रेसमा आए, धेरै सोधखोज गरे । हाम्रो लुगा पनि सिलाउनु हुन्छ भनेर जिस्क्याउन थाले । यहाँ त नेताहरू आउँछन् रे को को हुन् ती नेताहरू भनेर सोधे । मैले कपडा सिलाउन मान्छे आइहाल्छ नि भनेर जवाफ दिएँ ।"

उहाँको जवाफले चित्त बुझाएनन् । कुनै बेला घरको माथिल्लो तल्ला, कोठाहरूमा जान खोज्थे, उहाँ रोक्नुहुन्थ्यो । प्रहरी पनि कहिले कोठा खोज्ने बहानामा त कहिले अरु नै बहाना बनाउँदै आउँथे । घरमा लुकेर बसेका नेताहरूलाई जोगाउन हम्मेहम्मे पर्थ्यो । यो काठमाडौं पकनाजोल पदमाको घर अर्थात त्यो बेलाको पार्टीको सेल्टरको कुरा हो ।

## जेलमा केपी ओलीलाई भाइ टीका

झापा विद्रोहको नामले चिनिने 'झापा काण्ड' भइसकेपछि हालका प्रधानमन्त्री केपी शर्मा ओलीलगायत नेताहरू २०२९/३० सालमा पक्राउ परे । पक्राउ परेकाहरूलाई ललितपुरको नख्खु जेलमा ल्याइयो । उनीहरूको रेखदेख गर्ने

जिम्मेवारी उहाँलाई नै दिइयो। यो त्यस्तै ०३८/३९ तिरको कुरा हुनुपर्छ। अष्टलक्ष्मी शाक्यले नख्खु जेलमा रहेका केपी ओली, राधाकृष्ण मैनाली, मोहनचन्द्र अधिकारी, नरेश खरेल, मनकुमार गौतमलगायतका नेतालाई भेट्न जान भनेपछि उहाँ आमासहित नख्खु जेल पुगेको अहिले जस्तो लाग्छ। जतिखेर दशैंको टीका थियो। राजनीतिक बन्दीहरूलाई भेट्ने बहानाकै लागि उहाँकी आमाले मित छोरा र पद्माले मित दाइको नाता लगाए। त्यहाँ गएर के के भन्नुपर्छ भन्ने कुरा अष्टलक्ष्मीले सुरुमै सिकाएर पठाउनु भएको पद्मा सम्झिनुहुन्छ। उहाँहरु जाँदा पकाएर लगिदिएको चिउरा, तरकारी, मासु र अचार सबैले मीठो मानेर खाए। पद्माको सम्झनामा ओली खानामा सौखिन हुनुहुन्थ्यो, उहाँले पनि मीठो मान्नुभयो। हालका प्रधानमन्त्री ओलीलाई जेलभित्रै भएका बेला ५/६ वर्षसम्म तिहारमा भाइटीका लगाएको स्मरण पद्माको स्मृतिमा उत्तिकै ताजा छ। धेरै बेर कुरा गर्न, बस्न भने पाईंदैनथ्यो। जेलमा रहनु भएका नेताहरूलाई पद्माले कमिज पाइन्ट पनि सिलाएर लगिदिने गर्नुहुन्थ्यो।

२०४० सालतिर मजदुर आन्दोलनको बेला थियो। पद्माका जुम्ल्याहा छोरी र छोरा (चेतना र चिन्तन) ४ वर्ष जतिका थिए। बालाजु औद्योगिक क्षेत्रमा मजदुर हरूले कार्यक्रम राखेका थिए। उहाँलाई केही पर्चा लगेर छर्ने जिम्मेवारी दिइएको थियो। तर कसरी लैजाने समस्या थियो। आफैंले छोरीछोराको लागि सिलाएको स्कुल ब्यागमा पर्चाहरु राखेर औद्योगिक क्षेत्र तिर लाग्नुभयो। सुरक्षा कडा थियो। औद्योगिक क्षेत्रको भित्र र बाहिर पुलिस तैनाथ थिए, तै पनि उनीहरु बल्लतल भित्र गए। कार्यक्रम हुन सक्ने अवस्था थिएन, त्यसैले उहाँले झोलाबाट पर्चा निकाल्न मात्रै के खोज्नु भएको थियो। प्रहरीले झोला खोसेर  छोरीछोरालाई हुत्याइदियो। दुवै रोइरहे। मलाई पनि दुःखी बनायो। त्यो घटना सम्झेर भन्नुहुन्छ निरंकुश शासकहरू कति निर्दयी र निष्ठुरी हुन्थे।

## २०४५ सालको भूकम्प

२०४५ सालको घटनाले अहिले पनि मन आतंकित हुन्छ। उहाँले सम्झिनुभयो, “कमरेड अमृत बोहरालाई श्याम काका भन्थ्यौं। भूमिगत नाम श्याम हो। उहाँ र अष्टलक्ष्मी त परिवारको सदस्य जस्तै हुनुहुन्थ्यो। सुरुदेखि नै सरसहयोग उहाँहरूबाट भएको हो। बारम्बार हाम्रो घरमा आउनुहुन्थ्यो। राम्रा राम्रा किताबहरू पढेर सुनाउनु हुन्थ्यो। अमृत बोहरा त्यो रात बास बस्ने गरी आउनु भयो। बिहान अचानक ४ बजे तिर भूकम्प आयो। घर पुरानो कमजोर भएकोले बेस्सरी हल्लायो। हामी त बाहिर सुरक्षित स्थानमा जाँउला तर उहाँलाई छाडेर जाने

कसरी जस्तो लाग्यो । उहाँ त सरकारबाट लुकेर हिँडेको भएर बाहिर देखिन नमिल्ने । घर पछाडिको ठूलो चौरमा सबै मान्छे पुगे तर हामी डराउँदै घरमै बस्यौं । कम्पन बिस्तारै रोकियो लामो सास फेरेर बाँचे जस्तो भयो ।" उहाँका अनुसार क. श्याम साँघुरो कौशीमा सुत्नु भएको थियो । त्यतिखेर उहाँ झापातिर काम गर्नु हुन्थ्यो । कौशी फाटेर झण्डै पल्टिएको दृश्य अझै ताजा छ । भूमिगत हुँदा अष्टलक्ष्मी पनि घरमा आइरहनु हुन्थ्यो । समय समयमा अमृत बोहरा पनि । उहाँहरू आएपछि घर परिवार सबैलाई राखेर पार्टीको राजनीति राम्ररी सिकाउनु हुन्थ्यो । कम्युनिष्ट पार्टी के हो ? कम्युनिष्ट पार्टीका नेता कार्यकर्ताकाका आचरण कार्यशैली कस्ता हुन्छन् त्यो राम्ररी बताउनु हुन्थ्यो । राजनैतिक परिवर्तनपछि निर्माण गरिने समाज बारे हामीलाई बताउनु हुन्थ्यो । त्यसमा पनि उहाँहरू आफैं सादा जीवन बिताउने, मेहनती र इमान्दार हुनुहुन्थ्यो । खाना पकाउने, खाएको भाँडा पनि माझ्ने सहयोगी व्यवहारले पनि पद्मालाई विशेष प्रभाव परेको थियो ।

नेताहरू मात्र होइन नेताहरूका छोराछोरी पनि राख्दिनु हुन्थ्यो पद्माले । उहाँ सम्झिनु हुन्छ, "२०४७ तिर अष्टलक्ष्मी छोरा (विश्वास) लिएर काठमाडौं फर्किनु भएको थियो । उहाँको झोंछेस्थित माइती घरसँग सम्बन्ध विच्छेदको अवस्था थियो । त्यसैले काठमाडौं आउँदा धेरैजसो हाम्रो घरमा बस्नु हुन्थ्यो । एक पटक अष्टलक्ष्मी पार्टीको बैठकमा बाहिर जानुपर्ने भयो । मैले छोरालाई यहीं राख्छु भन्दा छोरा नमानेपछि जबरजस्ती समातेर राखें । पछि छोरा विश्वासले मेरो आमालाई कहाँ पठाइस् भन्दै रुन कराउन थालेपछि फुल्याउन घण्टौं लागेको थियो ।" सानो केटाकेटीसहित भूमिगत राजनीति गर्ने आमा र बच्चाको अप्ठयारा पनि उहाँलाई राम्रोसँग थाहा छ ।

## बच्चा बिर्सेको दिन

इटुम्बहालमा विद्यार्थी भेला थियो, उहाँलाई पनि बोलाइएको थियो । त्यस्ता कार्यक्रममा बोलाउने बित्तिकै जानुपर्छ भन्ने हुन्थ्यो । घरमा कोही थिएनन् । दुई वर्षकी कान्छी छोरी रचनालाई खाजा बिस्कुट किनिदिएर र सडक छेउमै भएको घरमा छोडेर उहाँ जानुभएछ । चेतना र चिन्तन स्कुल गइसकेका थिए । पुलिस पनि त्यहाँ टन्नै थिए । अनेरास्ववियु जिन्दावाद, फासिस्ट व्यवस्था मुर्दावाद नारा के लागेको थियो, पुलिस आइपुग्यो, जम्मा भएका सबैलाई तितरबितर पाऱ्यो । आत्तिएको बेला अर्कै कुनै घरको छिँडि भित्र पस्नु भएछ । त्यतिबेला पो बल्ल बच्चाको याद आए छ उहाँलाई । आफैंलाई प्रश्न गर्दै भन्नुहुन्छ, "२ वर्षको बच्चालाई सडक छेउमै छोडेर आन्दोलनमा जाने म कस्ती निर्दयी आमा ?"

केहीबेर पछि जसोतसो त्यहाँबाट निस्किएर दौडेर घर पुगेर छोरी खोज्दा छिमेकीले फकाएर राखिदिएका रहेछन् । त्यो बेला पार्टी र आन्दोलन भनेपछि हुरुक्कै हुने अहिले भने पार्टीको हालत देख्दा दुःखी हुनुहुन्छ उहाँ ।

लगातारको मेहनत र पार्टीप्रतिको जिम्मेवारीका बाबजुद पदमाले २०५४ सालको स्थानीय चुनावमा बल्ल वडा सदस्यको टिकट पाउनुभयो । काठमाडौं महानगरपालिका वडा नम्बर १६ बाट उम्मेदवारी दिनुभएकी उहाँले ३,९१३ मत प्राप्त गरी अत्याधिक बहुमतले जित्नुभयो । त्यतिबेला स्थानीय विकास मन्त्री रहनु भएका अमृत बोहोराले प्रत्येक वडामा एकजना महिला हुनुपर्ने व्यवस्था ऐनमा गरेको पदमा स्मरण गर्नुहुन्छ। उहाँलाई पार्टीकाले मात्र नभइ अरुले पनि भोट हालेको स्मरण गर्नुहुन्छ। जितेपछि उहाँले वडामा महिलाको आर्थिक सशक्तिकरणका लागि स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्नुभयो । माला/पोते उन्ने, चाउचाउ बनाउने, सिलाइबुनाइ जस्ता सिप महिलालाई सिकाउँदा सयौं महिला आयआर्जन गर्न सक्ने भए भन्दै खुशी व्यक्त गर्नुहुन्छ। त्यस बेला उहाँको घरसँगै पार्टीकै नेता महेशमणि दीक्षित र माधुरी दीक्षित हुनुहुन्थ्यो, नयाँ नयाँ सिप सिकाउन माधुरी दीक्षितको सहयोग र राजनीतिमा लाग्न महेशमणिले दिएको प्रेरणा पदमाले बिर्सिनु भएको छैन ।

तर २०५४ पछिको राजनीतिक उतारचढाव र खिचातानीका बीचमा भने उहाँ छायाँमा पर्नुभयो । पदीय जिम्मेवारीमा पार्टीको महिला फाँट अनेमसंघको जिल्ला कमिटी सदस्य हुनुभयो । तर गुटगत राजनीति देखेर दिक्क मान्दै राजनीतिबाट विश्राम लिनुभयो । ६८ वर्षिया पदमा राजनीतिमा धेरै सक्रिय नभए पनि पार्टीको बागमती प्रदेशको जेष्ठ कम्युनिष्ट मञ्चको सदस्य हुनुहुन्छ। त्यो समयमा पार्टी भित्र एक मत हुन्थ्यो, पहिला पार्टी एकताबद्ध थियो, बाहिर विवाद र झगडा भए जस्तो हुँदैनथ्यो । तर अहिले सबै विवाद बाहिर पो पहिला देखिन्छ। त्यसबाट उहाँ चिन्तित हुनुहुन्छ। गणतन्त्र र समाजवाद त्यति बेलाको सपना थियो। जुन प्राप्त भइसकेको छ। उहाँ भन्नुहुन्छ, "कम्युनिष्ट भनेका जनताका सेवक हुन् । कम्युनिष्ट इमादार हुन्छन् । मैले कम्युनिष्ट पार्टीबाट सिकेको पहिलो पाठ पनि इमानको हो। गणतन्त्रको अनुभूति सबैमा गराउने गरी पार्टी र सरकारले इमानदारीका साथ काम गर्नुपर्छ।" ●